जब तिमीहरूमध्ये कसैलाई हाई आउँछ, तब उसले आफ्नो हातले मुख छोपोस्, किनभने शैतान (अदृश्य रुपले) भित्र पस्छ।

अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "जब तिमीहरूमध्ये कसैलाई हाई आउँछ, तब उसले आफ्नो हातले मुख छोपोस्, किनभने शैतान (अदृश्य रुपले) भित्र पस्छ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले अल्छीपन वा पेट भरिएका कारण (वा यस्तै अन्य कारणले) हाई आउँदा मुख खोल्ने व्यक्तिलाई आफ्नो हात मुखमा राखेर त्यसलाई बन्द गर्न निर्देशन दिनुभएको छ। किनभने यदि मुख खुल्लै छोडियो भने शैतान त्यसमा प्रवेश गर्दछ, त्यसैले मुखमा हात राख्नुले शैतानलाई भित्र पस्नबाट रोक्छ।

http://www.sunnah.global/hadeeth/ne/show/5280